## मिति २०८२ मंसिर १६ गतेको ६५ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : मन्त्रालय एवं अन्य निकायहरुबाट प्राप्त पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ३ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. ४ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ५ : नदीजन्य पदार्थ उत्खनन्को लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : स्वास्थ्य बिमा संयोजन समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : नगर बाल अधिकार समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ९ : सामुदायिक तथा सरकारी भवनको नक्सा पास तथा राजस्व सम्बन्धमा ।

प्रस्ताव नं. १० : थाक्ले बहुसांस्कृतिक सामुदायिक भवन निर्माणको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ११ : कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम संचालनका लागि सूचना आव्हान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ : राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्बन्धमा ।

प्रस्ताव नं. १३ : जलवायु दिवस मनाउने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : जनस्वास्थ्य शाखा अन्तर्गतको कर्मचारी संगठन संरचना सम्बन्धमा ।

प्रस्ताव नं. १६ : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १७ : उज्यालो शहर निर्माणका लागि बजेट माग सम्बन्धमा ।

प्रस्ताव नं. १८ : DPR निर्माणका लागि बजेट माग सम्बन्धमा ।

प्रस्ताव नं. १९ : तारजाली माग गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. ६५.१ : नगर कार्यपालिकाको मिति २०८२/०७/२७ गतेको ६४ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वियनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन् गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५.२ : राष्ट्रिय सतर्कता केन्द्रको च.नं. अ.१६/६४५ मिति २०८२/०८/०७ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १७२ मिति २०८२/०८/०९ को सम्बन्धमा यस कार्यपालिका बैठकमा जानकारी गराई छलफल गरियो । साथै, उक्त पत्रबाट लेखिएको सुझाव एवं निर्देशन कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५.३ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५.४ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ २३.१९ प्रतिशत र पूँजीगत तर्फ ८.७३ प्रतिशत गरी समग्रमा ११ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

निर्णय नं. ६५.५ : ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र भित्र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खननका लागि अनुमति पाउँ भनि मेलम्ची नगरपालिका वडा नं. १२ स्थित पाल्चोकीमाई रोडा ढुङ्गा उद्योग प्रा.लि, मेलम्ची नगरपालिका वडा नं. १३ स्थित सोना क्रसर उद्योग प्रा.लि., मेलम्ची नगरपालिका वडा नं. १३ स्थित मेलम्ची ए कोन क्रसर एग्रिगेट प्रा.लि. र वडा नं. १३ स्थित प्रतिष्ठित बिजिनेश प्रा.लि. ले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) र (५) मा भएको कानूनी व्यवस्था तथा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम उल्लिखित क्रसर उद्योगसंग चालु आ.व. २०८२/०८३ को व्यवसाय कर, बहाल बिटौरी शुल्क र विगत आ.व.को बक्यौता रकम समेत असूल गरेर मात्र नदीजन्य पदार्थ उत्खननको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६५.६ : मेलम्ची नगरपालिका मेलम्ची, सिन्धुपाल्चोक र मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मेलम्ची, सिन्धुपाल्चोकलाई विपक्षी बनाई श्री सम्मानित उच्च अदालत पाटन, ललितपुरमा दायर भएको मुद्दा (मुद्दा नं. ०८२-FJ-००४५) का सम्बन्धमा मेलम्ची नगरपालिका मेलम्ची, सिन्धुपाल्चोक र मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मेलम्ची, सिन्धुपाल्चोक समेतको तर्फबाट लिखित जवाफ पेश गर्न, तारिख बुझ्न तथा कानुन व्यवसायी मुकरर गर्न वा वारेस नियुक्त गरी वारेस मार्फत उक्त कार्य गर्नका लागि मेलम्ची नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री निमेष मिश्रलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ६५.७ : स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन नमूना कार्यविधि, २०७८ को दफा २ को खण्ड (छ) मा स्वास्थ्य बिमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको पालिकास्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहने कानूनी व्यवस्था भएको हुँदा उक्त कानूनी व्यवस्था बमोजिम देहाय बमोजिम मेलम्ची नगरपालिकास्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

(क) मेलम्ची नगरपालिकाका नगर प्रमुख - संयोजक
(ख) प्रमुखले मनोनित गरेको बढी जनसंख्या भएको कुनै एक वडाको अध्यक्ष - सदस्य
(ग) प्रमुखले मोनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था - सदस्य
(घ) प्रमुखले मोनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेको एक र महिला स्वास्थ्य स्वयंसेविका सहित दुई जना - सदस्य
(ङ) शाखा प्रमुख, स्वास्थ्य बीमा हेर्ने - सदस्य
(च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड (सम्बन्धित पालिका) - सदस्य
(छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य सचिव

निर्णय नं. ६५.८ : नगर बाल अधिकार समितिको मिति २०८२/०८/०२ गतेको बैठकबाट भएका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

(क) बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयको आमा बाबु बिहिन बालबालिकाको संरक्षण कार्यक्रममा सहभागी हुनका लागि यस कार्यालयबाट मिति २०८२/०६/२० मा प्रकाशित सूचना बमोजिम कार्यालयमा निवेदन दर्ता गराएका आमा बाबु बिहिन बालबालिका, (आमा बाबु दुबैको मृत्यु) र अन्य व्यक्तिहरुको संरक्षणमा रहेका बालबालिकाको शिक्षा तथा पोषण सुनिश्चितताको लागि चालु

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

आ.व. २०८२/०८३ मा बागमती प्रदेश, सामाजिक मन्त्रालयबाट जम्मा रु. २१,६०००|– (अक्षरुपी दुई लाख सोह्र हजार मात्र) बजेट प्राप्त भएको हुँदा उक्त बजेटबाट अनुसूची- २ मा उल्लिखित ७ (सात) जना आमा बाबु बिहिन बालबालिकाहरुलाई अध्ययन एवं पालन पोषणका लागि प्रति बालबालिका मासिक रु. २०००|– का दरले आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) मेलम्ची नगरपालिका भित्रका आमा बाबु बिहिन बालबलिकाको संरक्षण कार्यक्रममा सहभागी हुनका लागि यस कार्यालयमाबाट मिति २०८२/०६/२० मा प्रकाशित सूचना बमोजिम कार्यालयमा निवेदन दर्ता गराएका आमा वा बाबू मृत्यु भएका बालबालिकाको सन्दर्भमा बाल संरक्षण कोष खाताबाट प्राप्त भएको ब्याज रकमबाट अनुसूची-३ मा उल्लिखित बालबालिकाहरुलाई दोहोरो सुविधा नपर्ने वा अन्य संघ संस्थाहरुबाट छात्रवृत्ति सुविधा प्राप्त नगरेका अनुसूचीमा उल्लिखित बालबालिकाहरुको पठनपाठनको लागी मासिक रु. १०००|– का दरले आर्थिक सहायता उपलब्ध गराउने ।

(ग) मेलम्ची नगरपालिका भित्रका आमा बाबु बिहिन बालबलिकाको संरक्षण कार्यक्रममा सहभागी हुनका लागि यस कार्यालयबाट मिति २०८२/०६/२० मा प्रकाशित सूचना बमोजिम कार्यालयमा निवेदन दर्ता गराएका आमा बाबु बेपत्ता भएका बालबालिकालाई नगर बालअधिकार समितिका पदाधिकारी र वडा अध्यक्ष सँग समन्वय गरी स्थलगत अध्ययन अवलोकन पश्चात मात्र पालनपोषण र अध्ययनका लागि आर्थिक सहायता उपलब्ध गराउने ।

निर्णय नं. ६५.९ : मेलम्ची नगरपालिका क्षेत्र भित्र निर्माण हुने सामुदायिक तथा सरकारी भवनको नक्सा पास एवं नक्सा पास गर्दा लाग्ने राजस्वको विषयमा छलफल हुँदा संघीय, प्रदेश एवं स्थानीय तहको बजेटबाट निर्माण हुने सामुदायिक तथा सरकारी भवनको अनिवार्य रुपमा नक्सा पास गर्न र उक्त नक्सापास गर्दा मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिमको राजस्व रकम लिने व्यवस्थाका साथै नगरपालिकाबाट विनियोजन भएको बजेटबाट निर्माण हुने सामुदायिक एवं सरकारी भवन निर्माणको लागि लागत अनुमान तयार गर्दाका बखत नक्सा पास गर्दा लाग्ने आवश्य राजस्व रकम समेत एकिन गरी लागत अनुमानमा नै समावेश गर्ने गरी लागत अनुमान तयार गर्ने व्यवस्थाको लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६५.१० : मेलम्ची नगरपालिका वडा नं. १२ भित्र संचालित विभिन्न क्रसर उद्योगहरुबाट वार्षिक रुपमा प्राप्त हुने क्रसर प्रभावित व्यवसाय कर र नपुग रकम आन्तरिक श्रोतबाट श्रोतसुनिश्चतता हुनेगरी मेलम्ची नगरपालिका वडा नं. १२ स्थित थाक्ले बहुसांस्कृतिक सामुदायिक भवन निर्माणका लागि बुहवर्षिय ठेक्का व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६५.११ : बागमती प्रदेश सरकार अन्तर्गत कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६५.१२ : मिति २०८२ साल पौष २४, २५ र २६ गते मेलम्ची नगरपालिकामा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं. ६५.१३ : मेलम्ची नगरपालिकाले विगत वर्षहरु देखि नै मेलम्ची नगरपालिका वडा न. ९ स्थित गुफाडाँडामा जलवायु दिवस मनाउदै आएकोमा मिति २०८२ पौष १७ गते (१ जनवरी २०२६) मा जलवायु दिवस मनाउनको लागि आवश्यक पर्ने लागत अनुमान र व्यवस्थापकीय पक्ष सहितको अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल

१. वातवरण तथा विपद् व्यवस्थापन समितिका संयोजक पासाङ तामाङ - संयोजक
२. मेलम्ची न.पा. वडा नं. ९ का वडा अध्यक्ष किरणदिप खड्का - सदस्य
३. कार्यपालिका सदस्य सिता मायाँ तामाङ - सदस्य
४. जिन्सी शाखा प्रमुख जयराम घोरासैनी - सदस्य
५. वातावरण निरिक्षक सबुना गमाल - सदस्य सचिव

निर्णय नं. ६५.१४ : मेलम्ची नगरपालिकाको विधायन समितिमा छलफल भई पेश भएको देहाय बमोजिमको कार्यविधि स्वीकृत एवं संशोधन गर्ने निर्णय गरियो।

तपसिल

१. मेलम्ची नगरपालिकाको महिला सञ्जाल गठन तथा संचालन कार्यविधि, २०८२
२. कृषक समूह दर्ता तथा कृषि व्यवसाय सूचिकृत कार्यविधि,२०८२
३. अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन, २०८२)

निर्णय नं. ६५.१५ : मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था अन्तर्गतका कर्मचारीहरुको कर्मचारी संगठन संरचनाको प्रारम्भिक खाका तयार गरी पेश गर्नको लागि नगर कार्यपालिकाको मिति २०८२/०७/२७ गते गठित कार्यदलले पेश गरेको अनुसूची-४ बमोजिमको कर्मचारी संगठन संरचना स्वीकृतिको लागि आगामी नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६५.१६ : मेलम्ची नगरपालिका वडा नं. २ स्थायी निवासी श्री पुण्य प्रसाद खतिवडाको छोरा राजाराम खतिवडाको मिति २०८२/०८/०१ गते मोटरसाइकल दुर्घटनामा परी गम्भिरघाइते भएको र निजको आर्थिक अवस्था कमजोर भएको र निज बि. एण्ड. बी. अस्पतालमा उपचार्थ रहेको हुँदा निजको उपचारका लागि आर्थिक सहायता उपलब्ध गराइदिनका लागि मेलम्ची नगरपालिका २ नं. वडा कार्यालयको च.नं. २०३ मिति २०८२/०८/१५ को पत्रबाट सिफारिस भई आएको हुँदा निजलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५० हजार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५.१७ : मेलम्ची नगरपालिका क्षेत्र भित्रको मेलम्ची बजार, भोटेचौर बजार, बाहुनेपाटी बजार, तालामाराङ बजार, दुबाचौर बजार र पिप्ले काउले दोभान बजारमा सडक बत्ति एवं सौर्य बत्ती जडान गरी उज्यालो शहर निर्माणका लागि बागमती प्रदेश खानेपानी, उर्जा तथा जलश्रोत मन्त्रालयमा आवश्यक बजेट व्यवस्थाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५.१८ : मेलम्ची तथा ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते आएको भिषण बाढीबाट मेलम्ची तथा ईन्द्रावती नदी किनारका बस्ती, खेतीयोग्य जग्गा जमिन लगायत अन्य भौतिक संरचनामा ठूलो क्षति पुगेको र हालसम्म पनि सडक, पुल, जग्गा जमिन लगायतका अन्य भौतिक संरचनाको पुनर्निर्माण एवं नगरपालिका भित्रका अन्य महत्वपूर्ण धार्मिक मन्दिरको निर्माण गर्न आवश्यक भएकोले देहाय बमोजिमका संरचनाहरुको बृहत्त परियोजना प्रतिवेदन निर्माण (DPR) निर्माण गरिदिनका लागि बागमती प्रदेश खानेपानी, उर्जा तथा जलश्रोत मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | DPR गर्नुपर्ने योजनाको विवरण | ठेगाना |
|---|---|---|
| १ | तालामाराङ-मेलम्ची-ढाँडखोला नदी संरक्षण | मेलम्ची नगरपालिका ६, १०, ११, १२ र १३ |
| २ | फट्केश्वर महादेव मन्दिर | मेलम्ची नगरपालिका १३ |
| ३ | जर्केखोला कुण्डेश्वर महादेव मन्दिर | मेलम्ची न.पा. १ र १२ |
| ४ | सिन्धुखोला सिद्धेश्वर महादेव मन्दिर | मेलम्ची न.पा. १, २ र ५ |

निर्णय नं. ६५.१९ : मेलम्ची नगरपालिका वडा नं. ९ स्थित मकैबारी र वडा नं. २ स्थित निबुगाउँ लगायतका अन्य स्थानमा पहिरो गई दैनिक यातायात र सवारी साधनहरु समेत संचालनमा कठिनाई भएको हुँदा उक्त स्थानको पहिरो संरक्षणका लागि बागमती प्रदेश खानेपानी, उर्जा तथा जलश्रोत मन्त्रालयसंग १ हजार थान तारजाली माग गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८२-०८-१६ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | ग्रामिण सडक सरसफाई तथा मर्मत | ४,००,०००.०० | ४०,०००.०० | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | वडा भरीको बाटो सरसफाई तथा ह्युमपाईप हाल्ने काम भएको |
| २ | ग्रामिण मोटरबाटो सरसफाई | ६,५०,०००.०० | ६५,०००.०० | १० | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | वडा भरीको बाटो सरसफाई गर्ने काम भएको |
| ३ | Upgrading Works of Zero Kilo Sotikhola Haibung Road | २,९९,९९,९५०.३० | | २ र ३ | प्राविधिक बिल अनुसार | टेण्डर | पक्की सडक नाली, मेशोनरी वाल, ग्याबिन वाल, ह्युमपाईप with catchpit, प्लम वाल, बाटो ढलान, रोलर सहित ग्राभेल गरी सडक स्तरोन्नती कार्य भएको। |
| ४ | Upgrading Works of Banshark Karyala Dhaule Sadak | ९९,९६,६७०.८२ | | ४ | प्राविधिक बिल अनुसार | टेण्डर | बाटो चौडा, पक्की सडक नाली, मेशोनरी वाल, ग्याबिन वाल र बाटो ढलान गर्ने |
| ५ | ग्रामिण सडक सरसफाई तथा मर्मत | ७,००,०००.०० | ६७७३५.५५ | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | बाटो सरसफाईको काम भएको |
| ६ | फटकशिलाको सबै सडक सफा | ५,००,०००.०० | ५०२४५.२५ | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | बाटो सरसफाईको काम भएको |
| ७ | Construction of Kafle Khola Golmastha Piplephat sinchai | २४९९८९४.४ | | १ | प्राविधिक बिल अनुसार | टेण्डर | R.C.C कुलो निर्माण कार्य भएको |
| ८ | वडाभित्र भित्रका सडक मर्मत कार्यक्रम | ६,००,०००.०० | ८६,२९४.५४ | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | बाटो सरसफाईको तथा ग्राभेल कार्य भएको |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची - २

मेलम्ची नगरपालिकाको बाल संरक्षण कोषमा प्राप्त भएको ब्याज रकमबाट आर्थिक सहयोग गर्न सिफारिस गरिएका मेलम्ची नगरपालिका भित्रका बाबु आमा बिहिन बालबालिकाहरुको विवरण

| क.सं. | बालबालिकाको नाम थर | लिङ्ग | जन्म मिति | बाबु आमाको नामथर | वडा नं. | बाबु आमाको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | मनिष थापा | पुरुष | ११/१२/२०६५ | सुर्य बहादुर थापा/सान्नानी थापा | १ | आमाको मृत्यु भएको र बाबुको आर्थिक अवस्था कमजोर भएको । |
| २ | सुनिल तामाङ | पुरुष | ६/१/२०६६ | राम बहादुर तामाङ/राम माया तामाङ | १ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर भएको |
| ३ | दिपक तामाङ | पुरुष | १/२७/२०७२ | नवराज तामाङ/कान्छिमाया तामाङ | १ | बाबुको मृत्यु भएको आमाको आर्थिक अवस्था कमजोर भएको । |
| ४ | जमुना तामाङ | महिला | १०/११/२०७० | मिङमार तामाङ/सुकुमाया तामाङ | १ | बाबुको मृत्यु भएको आमा अन्यन्त्र गएको |
| ५ | आयुसा विश्वकर्मा | महिला | ८/१७/२०६९ | बयान बहादुर कामी/रेयटी कमिनि | १ | आमाको मृत्यु भएको । |
| ६ | सुजिता तामाङ | महिला | १२/१९/२०७५ | चित्र बहादुर तामाङ/सानुमाया घोले | १ | आमाको मृत्यु भएको । |
| ७ | गंगा तामाङ | महिला | १०/११/२०७० | मिङमार तामाङ/सुकुमाया तामाङ | १ | बाबूको मृत्यु भएको आमा अन्यन्त्र गएको। |
| ८ | देव कुमारी तामाङ | महिला | १२/३०/२०६९ | कान्छामान तामाङ/जुनुमाया तामाङ | २ | बाबु मृत्यु भएको आमाको आर्थिक अवस्था कमजोर भएको |
| ९ | सबिना तामाङ | महिला | ५/१६/२०६७ | बुद्द मान तामाङ/ठुलीमाया तामाङ | २ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर भएको |
| १० | गौरव नेपाली | पुरुष | ८/१८/२०७८ | गोकुल नेपाली/सुस्मिता पंचकोटी | ५ | बाबुको मृत्यु भएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | अमिर तामाङ | पुरुष | | फुर्पि तामाङ/सुर्य बहादुर तामाङ | ६ | आमाको मृत्यु भएको |
| १२ | विन्दु तामाङ | महिला | ३/२५/२०६९ | सानुकान्छा तामाङ/आइति तामाङ | ६ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर |
| १३ | सचिन तामाङ | पुरुष | ३/७/२०५९ | लाल बहादुर तामाङ/विमला तामाङ | ६ | बाबुको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेको। |
| १४ | कविता थापा | पुरुष | ६/६/२०६६ | मैना थापा/बुद्दि गम्भिर थापा | ६ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर रहेको। |
| १५ | सनिस स्याङतान | पुरुष | ७/२०/२०७६ | बुधे स्याङतान/सुकुमाई तामाङ | ७ | आमाको मृत्यु भएको |
| १६ | रविन तामाङ | पुरुष | ३/१९/२०६५ | बुधे स्याङतान/सुकुमाई तामाङ | ७ | आमाको मृत्यु भएको |
| १७ | अन्जना तामाङ | महिला | १/४/२०६५ | बुधे स्याङतान/सुकुमाई तामाङ | ७ | आमाको मृत्यु भएको |
| १८ | अधिराज घले | पुरुष | ११/२१/२०७४ | निल बहादुर घले /रुद्रमाया घले | ७ | बाबुको मृत्यु भएको |
| १९ | कविन्द्र तामाङ | पुरुष | ७/२४/२०७२ | छोटे तामाङ/विपि तामाङ | ७ | आमाको मृत्यु भएको |
| २० | अजय भुजेल | पुरुष | ७/४/२०६५ | सार्की भुजेल/संगिता भुजेल | ८ | आमाको मृत्यु भएको |
| २१ | अन्जन भुजेल | पुरुष | ९/७/२०७० | सार्की भुजेल/संगिता भुजेल | ८ | आमाको मृत्यु भएको |
| २२ | सविना गिरी | महिला | ९/२७/२०६४ | गजराज गिरी/टंक कुमारी गिरी | ८ | बाबुको मृत्यु र आर्थिक रुपमा विपन्न भएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | रिजना गिरी | महिला | १/२५/२०६८ | गजराज गिरी/टंक कुमारी गिरी | ८ | बाबुको मृत्यु भएको आर्थिक रुपमा विपन्न भएको । |
| २४ | स्वर्णिम तामाङ | महिला | ९/२५/२०६७ | सुन बहादुर तामाङ/सुनिता तामाङ | ८ | बाबुको मृत्यु भएको र विपन्न परिवार रहेको । |
| २५ | जेनिसा तामाङ | महिला | ७/१५/२०७६ | सुन बहादुर तामाङ/सुनिता तामाङ | ८ | बाबुको मृत्यु भएको र विपन्न परिवार रहेको |
| २६ | सिर्जना तामाङ | महिला | १२/११/२०६६ | सुन बहादुर तामाङ/सुनिता तामाङ | ८ | बाबुको मृत्यु भएको |
| २७ | टुकुराम गिरि | पुरुष | ११/२८/२०६६ | राम बहादुर गिरि/सार्किनि गिरि | ८ | बाबुको मृत्यु भएको र आमाको मानसिक अवस्था कमजोर रहेको । |
| २८ | विकल दोङ | पुरुष | ५/२०/२०७६ | विष्णुमाया दोङ/पुर्णमान दोङ | ८ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर |
| २९ | विवस दोङ | पुरुष | ५/३०/२०६५ | विष्णुमाया दोङ/पुर्णमान दोङ | ८ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर |
| ३० | निमा दोङ | महिला | १०/१२/२०६८ | बिबि दोङ/लालामान दोङ | ८ | आमाको मृत्यु भएको । |
| ३१ | उमा मिजार | महिला | ११/१७/२०७२ | अस्मिता सार्की/नेत्र बहादुर सार्की | ९ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर |
| ३२ | मुना सार्की | महिला | ३/१४/२०७४ | अस्मिता सार्की /नेत्र बहादुर सार्की | ९ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर |
| ३३ | सुशिला मिजार | महिला | २०७१//१०/११ | डम्बर बहादुर मिजार/सावित्री सार्की | ९ | आमाको मृत्यु भएको र बाबुको आर्थिक अवस्था कमजोर रहेको |
| ३४ | लिला मिजार | महिला | ७/७/२०७३ | डम्बर बहादुर मिजार/सावित्री सार्की | ९ | आमाको मृत्यु भएको र बाबुको आर्थिक अवस्था कमजोर रहेको |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | फुर्साङ्मो तामाङ | पुरुष | १२/२८/२०७५ | पासाङ घ्याल्वो तामाङ/मिना तामाङ | ९ | बाबुको मृत्यु भएको र आमा बेपत्ता भएको |
| ३६ | आयुष तामाङ | पुरुष | ११/१९/२०७० | पासाङ घ्याल्वो तामाङ/मिना तामाङ | ९ | बाबुको मृत्यु भएको र आमा बेपत्ता भएको । |
| ३७ | युनिक तामाङ | पुरुष | ३/२०/२०७१ | पासाङ तामाङ/लप्पु तामाङ | ९ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर |
| ३८ | सुवास थापा | पुरुष | १०/५/२०६७ | कुमार थापा /सर्मिला थापा | ९ | बुवाको मृत्यु भएको र परिवारको आर्थिक अवस्था कमजोर रहेको |
| ३९ | सुशिल थापा | पुरुष | ७/२०/२०७२ | कुमार थापा /सर्मिला थापा | ९ | बुवाको मृत्यु भएको र परिवारको आर्थिक अवस्था कमजोर रहेको । |
| ४० | लक्ष्मण घले | पुरुष | १/२३/२०७७ | सोम बहादुर घले/सुनमाया घले | ९ | आमाको मृत्यु भएको र बुवाले अर्कै विवाह गरेर भिन्नै बसेको र आर्थिक अवस्था कमजोर रहेको |
| ४१ | देउ कुमार नेपाली | पुरुष | १०/१४/२०६६ | उत्तम बहादुर दमाइ/सम्झना दमै | ९ | बाबुको मृत्यु भएको र आमाको बेपत्ता भएको । |
| ४२ | रितिक अधिकारी | पुरुष | ७/११/२०६९ | दुर्गा बहादुर अधिकारी /मिना कार्की | १० | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर। |
| ४३ | विल बहादुर चुवान | पुरुष | ९/१५/२०७२ | जित बहादुर चुवान/रिता चुवान | १० | आमाको मृत्यु भएको र बाबुको स्वास्थ्य अवस्था अशक्त |
| ४४ | मनोज चुवान | पुरुष | ८/२/२०६७ | जित बहादुर चुवान/रिता चुवान | १० | आमाको मृत्यु भएको र बाबुको स्वास्थ्य अवस्था अशक्त रहेको |
| ४५ | भवानी प्रसाद कोइराला | महिला | १२/२/२०७२ | लावनाथ कोइराला/रेशम कुमारी नेपाल | १० | बाबुको मृत्यु भएको आमाको अशक्त रहेको |
| ४६ | गुरु प्रसाद कोइराला | महिला | ११/९/२०६७ | लावनाथ कोइराला/रेशम कुमारी नेपाल | १० | बाबुको मृत्यु भएको आमाको अशक्त रहेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | रोधा सापकोटा | महिला | १२/२९/२०७० | लक्ष्मण सापकोटा/लक्ष्मी सापकोटा | १० | बाबुको मृत्यु भएको र आमा विवाह गरेर अन्यन्त्र गएको । |
| ४८ | महिमा सापकोटा | महिला | १२/१६/२०६८ | लक्ष्मण सापकोटा/लक्ष्मी सापकोटा | १० | बाबुको मृत्यु भएको र आमा विवाह गरेर अन्यन्त्र गएको । |
| ४९ | अर्पणा कुँवर | महिला | ४/१०/२०६८ | सन्तोस कंमर/ बिमला कंमर | ११ | आमाको मृत्यु भएको |
| ५० | अस्मिता रम्तेल | महिला | १२/१४/२०७१ | बिशाल रम्तेल/सम्झना रम्तेल | ११ | बाबुको मृत्यु भएको र आमाको बेपत्ता भएको |
| ५१ | युरिसा ढकाल | महिला | ३/६/२०७४ | उत्तममणी ढकाल/रविना ढकाल | १२ | बाबको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेको। |
| ५२ | युविसा ढकाल | महिला | ८/३/२०७७ | उत्तममणी ढकाल/रविना ढकाल | १२ | बाबुको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेको। |
| ५३ | प्रतिक पौडेल | पुरुष | १/१४/२०७४ | विनोद पौडेल/रन्जिता नेपाल | १२ | बाबुको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेको। |
| ५४ | निकिता दुलाल | महिला | ४/२०/२०७३ | धर्मराज दुलाल/मिना दुलाल | ११ | बाबुको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेको। |
| ५५ | निकेश दुलाल | पुरुष | ११/८/२०७४ | धर्मराज दुलाल/मिना दुलाल | ११ | बाबुको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेको। |
| ५६ | शिव नेपाली | पुरुष | ९/१५/२०६६ | गणेश नेपाली अन्जु नेपाली | १३ | बाबु मृत्यु भएको आमा सम्पर्कमा नरहेको । |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची- ३

बाबुआमा विहिन बालबालिका संरक्षणका लागि बागमती प्रदेश सशर्त कार्यक्रमबाट प्राप्त बजेटबाट सहयोग गर्नका लागि सिफारिस गरिएका बालबालिकाको विवरण, आ.व. २०८२/०८३

| क्र.सं. | बालबालिकाको नाम थर | लिङ्ग | जन्म मिति | बाबु आमाको नामथर | वडा नं. | संरक्षकको नाम थर | नाता | बाबु आमाको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | सपना तामाङ | महिला | ५/१/२०५९ | मंगल बहादुर तामाङ/यम लक्ष्मी तामाङ | २ | आइती तामाङ | फुपु | बाबु आमाको दुवैको मृत्यु भएको र आर्थिक अवस्था कमोजर भएको |
| २ | मनिका सुन्दास | महिला | ६/८/२०६८ | गोपाल नेपाली/विष्णुमाया नेपाली | २ | लक्ष्मण नेपाली | दाइ | बाबु आमा दुवैको मृत्यु भएको आर्थिक अवस्था नाजुक भएको |
| ३ | मेलिन सुन्दास | महिला | ६/८/२०६८ | गोपाल नेपाली/विष्णुमाया नेपाली | २ | लक्ष्मण नेपाली | दाइ | बाबु आमा दुवैको मृत्यु भएको आर्थिक अवस्था नाजुक भएको |
| ४ | मिलन नेपाली | पुरुष | १२/३०/२०६७ | गोपाल नेपाली/विष्णुमाया नेपाली | २ | लक्ष्मण नेपाली | दाइ | बाबु आमा दुवैको मृत्यु भएको आर्थिक अवस्था नाजुक भएको |
| ५ | बिन्दा मिजार | महिला | ६/१६/२०६५ | झम्क बहादुर सार्कीसुकुमाया सार्की | ५ | गणेश मिजार | दाइ | बाबु आमा दुवैको मृत्यु भएको आर्थिक अवस्था नाजुक भएको |
| ६ | मैना मिजार | महिला | ८/१२/२०७० | झम्क बहादुर सार्की/सुकुमाया सार्की | ५ | गणेश मिजार | दाइ | बाबु आमा दुवैको मृत्यु भएको आर्थिक अवस्था नाजुक भएको |
| ७ | सुस्मिता सार्की | महिला | ३/११/२०६६ | माझी सार्की/सरस्वती सार्की | ५ | रमेश वस्याल सार्की | दाइ | बाबु आमाको मृत्यु भएको । |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| क्र.सं. | संघीय ऐनमा भएको कानुनी व्यवस्था | मेलम्ची नगरपालिकाको कार्यविधिमा भएको कानुनी व्यवस्था | संशोधन हुनु पर्ने कारण |
|---|---|---|---|
| १. | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन,२०७४ को दफा ४२ को उपदफा (२) मा भएको व्यवस्था: | मेलम्ची नगरपालिका को अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,२०७५ को दफा ६ मा भएको व्यवस्था: | मेलम्ची नगरपालिका को अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,२०७५ को दफा ६ (च )मा भएको व्यवस्था संघीय कानुन सँग बाझिएको हुँदा उक्त दफा हटाई उक्त दफा को सट्टा नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सहित तीन जना सदस्य रहने कानुनी व्यवस्था हुनुपर्ने। |
| | (क) गाउँ कार्यापालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख – संयोजक | (क) मेलम्ची नगरपालिकाको उपप्रमुख - संयोजक | |
| | (ख) गाउँ कार्यापालिका वा नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट गाउँ कार्यापालिका वा नगर कार्यपालिकाले तोकेको महिला सदस्य -सदस्य | (ख)नगर कार्यपालिकाको सदस्यहरुमध्येबाट तोकेको महिला सहित दुई जना सदस्यहरु - सदस्य | |
| | (ग) गाउँपालिका र नगर कार्यपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानध्यापक वा स्रोत व्यक्तिमध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति – सदस्य | (ग) नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट नगर प्रमुखले तोकेको एक जना - सदस्य | |
| | (घ) गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक -सदस्य | (घ) नगर प्रमुखले तोकेको स्वास्थ्य चौकी तथा अस्पतालको चिकित्सक - सदस्य<br><br>(ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख – सदस्य | |
| | (ङ) स्थानीय प्रहरी स्थानीय तहको प्रमुख-सदस्य | (च) अपाङ्गताको क्षेत्रमा कार्यरत संघ/संस्था मध्ये नगर प्रमुखले मनोनित गरेको एक जना - सदस्य | |

नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | (च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरुमध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले मनोनयन गरेको संस्थाको प्रतिनिधी – सदस्य | (छ) नगरपालिकाको विषयगत शाखा हेर्ने शाखा प्रमुख - सदस्य सचिव | |
| | (छ) गाउँपालिका र नगरपालिका भित्रका अपाङगता भएका व्यक्तिहरुमध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सहित तिन जना – सदस्य | | |
| | (ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने स्थानीय तहको स्थानीय तह प्रमुख – सदस्य | | |
| | (झ) गाउँ कार्यपालिकाको वा नगर कार्यपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले तोकेको कर्मचारी – सदस्य सचिव | | |